# विज्ञानवाद

बौद्ध चार दार्शनिक निकायहरू (Four philosophical schools) मा विज्ञानवाद पनि एक सशक्त सक्षम दार्शनिक तथ्य हो । विज्ञानवादलाई शुद्ध प्रत्ययवाद (Idealism) पनि भनिन्छ । व्यवहारिक दृष्टिबाट क्रियात्मक सत्य अथवा बोधि योगबाट मात्र हुन्छ भने आत्मबाद यसलाई योगाचार पनि भनिन्छ । माध्यामिक दृष्टिमा जगतको समस्त पदार्थ शून्य छन् भने विज्ञानवादको दृष्टिबाट जुन बुद्धिबाट पदार्थ असत्य र शून्य पतीत भएको हो तयस बुसद्धको सत्ता त छ नि ? विज्ञानवादको दृष्टिमा हाम्रा सबै प्रतीयमान घटनाहरू मनको आन्तरिक क्रियाको परिणाम हो । चित्त (विज्ञान) लाई मात्र मान्ने हुनाले त्यसलाई विज्ञानवाद भनिएको हो ।

विज्ञानवादका आचार्यहरूमा असंगको ठूलो प्रसिद्धि छ । तर आजकालको अन्वेषणबाट यो सिद्ध भएको छ, स्वयं असंग मैत्रीयनाथको शिष्य हो । मैत्रीयनाथबाटै असंगले धेरै नै शून्य लेख्ने स्फूर्ति पाएका थिए । मैत्रीयनाथको सूत्रलाई असंगले दार्शनिक व्याख्या दिए जस्तो सुकरातको आशय सूत्रलाई प्लेटोले व्याख्या गरे । तर यो कुरा असंगलको दार्शनिक प्रतिभम मण्डलबाट पनि छोपी दिएको छ कि असंगलको गुरू मैत्रीयनाथ धमीलो हुँदै गए । मैत्रीयनाथका महायान सूत्रालंकार महायान उत्तरतन्त्र र धर्म ....जसको अर्न्तवाद तिब्बती भाषालाई उपलब्ध छ। यी ग्रन्थहरूबाटै मैत्रीयनाथको दार्शनिक अस्तित्व सिद्ध गर्दछ।

असंग बसुबन्धुको दाजु र समुद्रगुप्त (चौथो शताब्दीको दार्शनिक हुनुहुन्थ्यो) वहाँले आफ्नो भाई बसुबन्धु जस्ता सौतान्त्रिक निकायका आचार्यलाई विज्ञानवादी बनाए । असंगका कृतिहरू मध्ये महायान सपरिग्रह जसमा महायानी सिद्धान्तको वर्णन गरिएको कछ । पाँचौं शताब्दीमा चीनियाँ भाषामा अनुदित भएको देख्दछौं । असंगको योगाचार भूमिशास्त्र ग्रन्थमा भूमिहरूको रूपमा अध्याय वा परिच्छोदमाहरूमा विशेष चर्चा गरिएको छ । विज्ञानभूमि, मनुभूमि, सविचर्क, सदिचारभूमि, अविर्तक विचारभूमि, अविर्तक अविचारभूमि, समाहित भूमि, असमाहित भूमि, सचित्तभूमि, अचितक भूमि, श्रूतभूमि, चिन्तामय भूमि, भावनामय भूमि, श्रावक भूमि, प्रत्येक बुद्धभूमि, बोधिसत्व भूमि, स्वपाधिकार भूमि, अनुपार्धिका भूमि र अविधर्म प्रत्येक बुद्ध, बोधिसत्व र निर्वाणको विज्ञानवाद पक्षीय व्याख्या गरिएको छ । महायान सूत्रालंकार पुस्तकमा २१ परिच्छेदबाट मैत्रीयनाथको ...रिकालाई असंगका मौलिक व्याख्या हो र वास्तवमा विज्ञानवादको यो एक मौलिक ग्रन्ग पनि हो ।

बसुबन्धु जस्तो कि माथि उल्लेख गरिसकेका छौं । सौतान्त्रिकबाट आफ्नो दाजुबाट अनुप्रवतित भई विज्ञानवादी भएको थियो । पछि आफ्नो सौतान्त्रिक व्याख्याबाट स्वयं चिन्तित भएका थिए । उसले पश्चातापमा जीब्रो नै काट्न लागेको थियो भन्ने वर्णन उपलब्ध छ । बसुबन्धुले उनलाई जीब्रो काट्न होइन, बरू विज्ञानवादमा बोल्न र लेख्न प्रेरणा दिए । बसुबन्धुका कृतिहरू मध्येमा सर्द्धमपुण्डरिक टीका महापरिनिर्वाण सूत्र टीका अत्यन्त प्रसिद्ध छ तर उसको विज्ञप्ती मात्रता सिद्धि विज्ञानवादको दार्शनिक पक्षको वर्णनमा बेजोड मानिएको छ । विज्ञप्ती मात्रता सिद्धि नाउँबाटै सिद्ध हुन्छ यो उनकै सौतान्त्रिक निकायको अभिधर्मकोषको परिमार्जन विज्ञप्ती मात्रता सिद्ध गर्नु हो ।

विज्ञानवादको अर्को आचार्य दिङ्गनाग हो । धेरै जसो उडिसामा बस्नु हुने चौंथो शताब्दीको मध्यकाल बसुबन्धुको शिष्य हुनुहुन्छ । एउटा सुकेको रबरलाई आफ्नो मन्त्रबलद्वारा सातै दिनमा हरियो बनाउने जस्ता अलौकिक शक्तिको धेरै कुराहरू उनको जीवनसँग सम्बन्धीत छ । नालन्दमा सुदुर्गय ब्राम्हणलाई शास्त्रार्थमा पराजित गरेको वर्णन अत्यन्त प्रसिद्ध छ । दिंगनागका कृतिहरू मध्ये प्रमाणसमुच्चय, हेतुचक्र न्यायप्रवेश साह्रै प्रसिद्ध छन् । प्रमाण समुच्चयमा प्रत्यक्ष स्वार्थानुमान; प्रमार्थानुमान, हेतु दृष्टान्त आदिको विज्ञानवादको दृष्टिबाट विश्लेषण गरिएका छन् । हेतुचक्रमा हेतु र प्रत्ययको अस्तित्व विज्ञानमा मात्रै निर्भर भएको र वस्तुको सत्ता नकारेको वर्णन छ। न्याय प्रवेशमा आलम्बन परीक्षावृत्रि र त्रिकाल परीक्षा गरी यो वस्तु जगत चिन्तनमय भएको सिद्ध गरेको छ।

विज्ञानवादको अर्को आचार्य धर्मकीर्ति हो । चोल देशको ब्राम्हण बौद्ध दर्शन र अन्य दर्शनहरू पूर्व पक्षहरूका ज्ञाता हुन् । धर्मकीर्तिको तर्कनितिपूर्ण शक्तिले कुमारिललाई खण्डण गरेको छ ।

त्यस्तै कुमारिलको सिद्धान्तको खण्डनमण्डन बौद्ध दर्शनका विजोड किसिमको छ। नालन्दाको धर्मपाल स्थविर यिनकै शिष्य हो । इत्सिंगले धर्मकीर्तिलाई आफ्ना पूर्व आचार्यको रूपमा उल्लेख गरेकोले उनको समय ६७९ ई. भन्दा पूर्वको ठहरिन्छ । उनका सर्वाधिक प्रसिद्ध ग्रन्थ प्रमाणवातिकमा वेदप्रमाण, स्नानमा शुद्धि मान्ने, जातिवाद ध्वस्त प्रज्ञाको लक्षणको रूपमा उल्लेख गरेको छ। उनको यो ग्रन्थ पन्ध्रसय श्लोकमा मात्र भएता पनि यसको अर्थ अभिप्राय तर्क भित्रका रहस्यबाट धेरै ठूलो ग्रन्थको रूपमा मानिएको छ। धर्मकीर्तिको अर्को उल्लेखनीय ग्रन्थ न्यायविन्दूमा स्वार्थ, परार्थ, पदार्थनुमान र .........को विज्ञानमय दार्शनिक व्याख्या छ।

विज्ञानवादको एक प्रसिद्ध श्लोक छ।

- चित्तं वर्चते चित्त, चित्तं विभेवमिुचते ।
  चित्तं हि जायते नान्यः चित्तमेव निरूधते ॥
- चित्त नै प्रवृत्त हुन्छ, चिन्ता नै विमुक्त हुन्छ। चित्तलाई छाडेर अरू कुनै वस्तु उत्पन्न हुँदैन न त नाश नै हुन्छ।
  यसरी विज्ञानवादको दृष्टिमा बाह्य पदार्थको प्रतीत हुन्छ । बाह्यार्थ अनुमान मात्र हो । बाह्य पदार्थको अस्तित्व ज्ञानबाट हामी पाउँछौं । यस अवस्थामा बाह्यार्थको सत्ता ज्ञानमा अवलम्बित छ । यसकारण एक मात्रको सत्ता विज्ञानको सत्ता हो । विज्ञान विज्ञप्ति मात्र एउटा परमार्थ हो । प्रत्येक वस्तुको रूप रंग रातो, नीलो, पहेंलो छाडेर अन्य भौतिक तत्व मात्र

देखाइदिंदैन । बाह्य पदार्थ अनुरूप यस उसको ज्ञान हुन सकिंदैन । यो परमाणुहरूको संघात मात्रै भएकोले परमाणुको ज्ञान हुन सकिंदैन । परमाणुहरूको अंग प्रत्यंगको एक भौतिक ज्ञान सम्भव छैन । अतः बाह्य पदार्थको सत्ता हुँदैन । यस्तै सर्व शून्यता सिद्धान्त मान्य ठहरिए शून्यले नै सत्यताको मापको कसौटी हुनजान्छ । अनि अरूसँग वाद गर्ने बाटो नै कहाँ छ र । प्रमाण भन्नु नै छैन भने । विवाद भन्ने कसरी ? ग्राह्य र ग्राहक चिन्ता मात्र हो । धर्म धातुको प्रत्यक्ष भएपछि लक्षणबाट विमुक्त हुन्छ । विज्ञानलाई साधारणतः चित्त र मनको प्रयायवाची शब्द मान्दछ तर सूक्ष्म रूपमा विचार गरेको खण्डमा विन्ताको चेतनसँग सम्बन्ध हुन्छ भने मनको मनन क्रियासँग । विज्ञान विषयको ग्रहण गर्ने कारण भूत रूपमा देखापर्दछ । विज्ञानवादको चर्तुविज्ञान, श्रोतविज्ञान, घ्राण विज्ञान आदिको वर्णन र वर्णन भन्दा क्लिष्ट विज्ञान,........विज्ञान र प्रवृत्ति विज्ञानको वर्णन अधिक सूक्ष्म, चक्षुको पहरा पाउने विज्ञान चीज बिज र लोहितको विज्ञान ह्रस्व, दीर्घ र परि.....को आकृत्रि विज्ञान लिनु, ...क्रियाको विज्ञान परिवृत्त विज्ञान भित्र पर्दछ । क्लेषयुक्त विज्ञान मनोविज्ञानलाई नै क्लिष्ट मनोविज्ञान भनिन्छ । जति पनि क्लेष उत्पादन धर्महरूको बीजहरू, यो आलय विज्ञानभित्र पर्दछ । यसै आलय विज्ञानबाट विश्वको समस्त धर्म....पर्दछ । यसै आलय विज्ञानबाट विश्वको समस्त धर्म ..पर्दछ, उत्पन्न हुन्छ । सबै धर्म कार्यरूपको सम्बन्ध हुने हुनाले यसको नाम आलय (लय हुने स्थान) विज्ञान हो । आलय विज्ञानमा नै भएको बीज फल नै वर्तमान संस्कार रूपमा देखाइदिन्छ । त्यो चीज संसार साथ वज्ञान अनुभवद्वारा शासित भएको हुन्छ । त्यही वर्तमान संस्कार र अनुभव भविष्यको आलय विज्ञानमा अन्तरनिहित हुन्छ । समुद्रको हावाको प्रवाहबाट तरंग हुन्छ । वास्तवमा ती लीला हो । समुद्र स्थानीय आलय विज्ञान हो वा विषय शब्द विज्ञान, तरंग लीला हो । अनि पानी के को प्रतीक हुन्छ त ? समुद्र र तरंग भेद छैन, आलय विज्ञान र ..विज्ञानमा भेद छैन । आलय विज्ञानको वृत्ति जल प्रवाहको प्रतीत हो । विज्ञानवादमा यो समस्त संसार यर्थातमा मनोमय संसार हो । यहाँ विज्ञानलाई छाडेर अर्थात् म वा चिन्तालाई छाडेर कुनै.....भने हुँदैन । विज्ञान भएरै संसार भएको हो, मात्र परमार्थ हो । जहाँ विज्ञान छैन, त्यहाँ केही छैन । विज्ञान एक...

# माध्यामिक दर्शन

बौद्ध दर्शनको विकासक्रममा माध्यामिक दर्शन अथवा शून्यावाद दर्शन दर्शनको युगान्त विकास हो । युक्तिहरूको तीखो र मनोरम शैलीमा दार्शनिक सिद्धान्त प्रतिपादनमा पनि यो माध्यामिक निकाय साह्रै गहन छ । प्रज्ञा पारमिता सूत्र विवेचना गर्दछ, यो दर्शन बुद्धको मज्झिम प्रतिपदा (मध्यम प्रतिपदा) को आधारमा विकास भएको हो । "माध्यामिक चारिका" मा तत्व विवेचनको क्रममा शाश्वतवाद र उच्छेदवादको दर्शन एकांगी भएको रूपमा यसलाई परिहार्य गर्न माध्यामिक दर्शनले ठूलो काम गरेको छ । सर्वास्तिवाद अथवा वैभाषिक निकाय बाह्य वस्तु र मानसिक तत्वको अस्तित्वलाई स्वीकार गर्दछ । भूत, भविष्य र वर्तमानको सत्तालाई पनि स्वीकार गर्दछ । त्यही दार्शनिक पृष्ठभूमिमा चित्त, चैतसिक र निर्वाण अझ भनौं भने तथागतको बारेमा पनि दार्शनिक विवेचना गर्दछ । जबकि सौत्रान्तिक बाह्य सत्तालाई कार्य साध्यको रूपमा मात्र स्वीकार गर्दैन । वर्तमानलाई बढी महत्व दिन्छ । यता विज्ञानवाद वस्तु सत्तालाई पूर्णतः विज्ञान अथवा चित्तको अर्को स्वरूप मात्र भन्दछ । उसको दृष्टिमा चित्त अथवा विज्ञान नै सबै थोक हो । जबकि माध्यामिक दृष्टिमा चित्त पनि उत्पत्ति, स्थिति र भंगको एक प्रवाह मात्रै हो । देखिने संसारलाई अथवा आँखाले न देखिने चित्त दुबै शून्य हो । जस्तो हामी बगीरहेको नदी देख्दछौं अथवा घिउ, तेलको आधारमा बत्तीलाई देख्दछौं, त्यस्तै यो संसार र चित्तको प्रवाह मात्र हो । वास्तवमा बगीरहेको नदीमा एक पछि अर्को जलबिन्दुहरूलाई र गइरहेको हुन्छन् । त्यहाँ देखिने जलप्रवाह उस्तै उस्तै भएपनि त्यही त्यही हुँदैन । हामीले जुन जलविन्दुलाई जुन क्षणमा देखेका हौं अर्को क्षणमा अर्को जलविन्दु हुन्छ । बलीरहेको बत्तीको ज्वाला स्थिर त्यही जस्तो देखिएता पनि त्यो वास्तवमा त्यही एक एक क्षणको निमित्त पनि स्थिर हुादैन । त्यो स्थिर जस्तो। त्यो त्यही त्यही जस्तो देखिने ज्वाला पल पलमा एकपछि अरू एक पलपछि अर्को पल पल एक निमिष पछि अर्को निमिष बल्दै, बाल्दै र भिज्दै गएको हो । क्रियाको प्रतिक्रियाको प्रवाह, पल पल प्रतिपल, निमिष, प्रतिनिमिष अझ निमिषको पनि सहसांस सूक्ष्म निमिषको प्रवाह मात्र हो । दार्शनिक कुरालाई हामीले भौतिक पदार्थको विज्ञानको आणविक परमाणविक क्रिया प्रवाह अझ यसभन्दा भित्र मूलभूत कुराहरू Electron ले Nucleolus को परिक्रमाको सिद्धान्तलाई याद गरेर माध्यामिक दर्शनको क्रियात्मक प्रवाहभित्र प्रभावित शून्यवाद दर्शनको सम्झन सक्छौं ।

माध्यामिक दर्शनको मूल रूप बुद्धको उपदेशमा नै निहित मानिन्छ । तथापि शून्यवादको पूर्ण स्वरूप प्रदान गर्ने यस माध्यामिक दर्शनका प्रसिद्ध आचार्य नागार्जुन हुन् । नागार्जुनले प्रौढ तर्क, पण्डित्याईपूर्ण शैली र सशक्त भाषामा माध्यामिक दर्शनको व्याख्या गर्नु भएको छ ।

नागार्जुनको बारेमा अनेक अलौकि रूपको चित्रण गरिएको पाइन्छ । .... जन्मनु भएका ब्राम्हण कुमारजीवको शब्दमा तीनसय वर्ष आयुको अरू तिब्बती विश्वासमा ६०० वर्ष आयुको भनिए तापनि बुस्तोनले शून्यावादी आचार्यको बारेमा केही यथार्थ कुरा प्रष्ट्याएको छ । जिज्ञासु नागार्जुन भिक्षु भएर गम्भिरतापूर्वक बौद्ध दर्शनको अनुशीलानमा लागे । बौद्ध दर्शनका पूर्व.....का निकायहरूको गम्भिर दार्शनिक विवेचनामा लागे । श्री पर्वतमा पसेर तन्त्र मन्त्रको साधना गरे भने पहाड-पर्वत-वन कन्दरामा साधन र प्रयोग गरेर आयुर्वेद र रसायनशास्त्रको ज्ञाता पनि भए । अद्भूत कल्पना गहनतम विद्वता र प्रगाढ तान्त्रिक ज्ञानले गर्दा उनी विपूल कीर्ति र अक्षुण्ण दार्शनिकको रूपमा प्रसिद्ध भए । .....राजा गौतमी पुत्र यज्ञश्री (दोश्रो शताब्दीको मध्यकालदेखि दोश्रो शताब्दीको अन्तसम्म) का समकालीन मानिन्छ । नार्गाजुनको नाम प्रसिद्ध ....कृत्तिहरू छन् । तर ती मध्ये माध्यामिक कारिका, प्रमाण विद्धर्शन, प्रत्यय कौशल, विग्रह त्यावर्तनी, दशभूमी विभाषा शास्त्र, प्रज्ञा पारमीता, मूल चारिका शास्त्र, चतुष ....अत्यन्त प्रसिद्ध छन् ।

माध्यामिका चारिकालाई माध्यमिक शास्त्र पनि भनिन्छ । यसको २७ प्रकरणहरू छन् । प्रमाण विध्वंशा र उपाय कौशल्यमा तर्कको आधारमा खण्डन मण्डन शैलीमा शून्यवादको दिग्दर्शन गराएको छ । यसैकारण नागार्जुनलाई विपक्षिवादीहरू नास्तिकको रूपमा देखाएता पनि वास्तवमा आचार्य नागार्जुनको अर्न्तनिहित एक परमार्थ दार्शनिक आस्तिक हो । आचार्यले "नेति-नेति आदर्श" जस्तै परमार्थस्तम्भ र परमार्थ तत्वको रूपमा वर्णन गर्दछ । उहाँ अनिरोध, अनुत्पाद, अनुच्छेद, अनिकार्य, दार्शनिक स्वरूप हो । वहाँले प्रतिपादन गर्नुभएको शून्यवादी प्रमाता (ज्ञाता) प्रमेय -जान्नयोग्य) र प्रमाण (ज्ञानको साधन) प्रमिति (ज्ञानको क्रिया) जस्ता तत्व चतुप्रत्यय परिकाल्पित अवस्तुलाई शून्यावादको आवृतिमै समाहित हुन्छ । जसलाई सामान्य दृष्टिबाट नित्य प्रतिदिनको व्यवहारको अनुष्ठानमा घोर विप्लव जस्तो देखापर्दछ । दशभूमि शास्त्रमा शून्यवादी निकायबाट बुद्ध र बोधिसत्वहरूको चिन्ता स्थितिको दर्शनको व्याख्या गर्दछ भने प्रज्ञापारमिता सूत्र कारिका शास्त्रमा शून्य र महाशून्यको विवेचना गर्दछ । आचार्य नागार्जुनका सम्पूण कृतिमा उनको दर्शन तेज माध्यामिक कारिका जस्को कैयौं शताब्दीपछिसम्म अनेक....., अनेक आचार्यहरूले विश्लेषण गरेका छन् । आचार्य नागार्जुनको प्रसिद्धता कारिका हो ।

प्रतीत्यसमुत्पाद : शून्यता